# Living the Lotus

## Buddhism in Everyday Life

8
2025
VOL. 239



# जुलाई ११-१२ हवाईको रिश्शो कोसेई-काईको बोन डान्स फेस्टिभल



**Living the Lotus**
**Vol. 239 (August 2025)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्टृय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: साची मिकावा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्टृय बिभाग कर्मचारी

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।
रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो । यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ ।

# खाली 'प्रशंशा' मात्र

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai



## मानिस हुर्काउने आधार

मैले बिभिन्न पुसतकद्वारा दुइ शिक्षा बिज्ञबाट सिकेका कुराको केहि साझा दर्शनहरु छन। ति हुन शिक्षा दिने भनेको अरुलाई रटाउनु या आफ्नो कुरा लाद्ने होईन कि ‘‘प्रशंशा’’ गर्नु हो भन्ने कुरा हो। ति दुइ बिज्ञ मध्यका एकजना मोरी नोबुजो गुरुले शिक्षकले आफ्नो मुख खोल्ने भनेको अरुलाई प्रशंशा गर्ने बेला मात्र हो समेत भनेका छन।

उदाहरणकोलागि यदी आफ्ना बिद्यालयको जुत्ता राख्ने दराजमा जुत्ता नमिलाई राखिएको छ भने तेसलाई शिक्षकले मिलाई दिनु पर्छ र त्यो देखेर अरु विद्यार्थीले आफ्ना जुत्ता मिलाउनथालेमा ति विद्यार्थीलाई प्रशंशा गर्नु पर्दछ। यो नै शिक्षा हो र यो नै प्रशिक्षण हो।

र अर्का एक शिक्षाबिध (पूर्व क्योतो बिश्वबिद्यालय कुलपति) हिरासावा हो गुरुले ‘‘शिक्षा भनेको अरुलाई कसरी प्रशंशा गर्ने अध्ययन हो’’ भनेर भनेका छन र ‘‘सबैभन्दा महत्वपूर्ण कुरा भनेको अरुहरुको उत्कृष्टता निकालेर अरुलाई कसरी खुशि, आशा र साहस दिने कुरा हो’’ भनेर प्रशंशलाई अझ अबुझाएका छन (आज पनि खुशी भएर बाचौ पुस्तकबाट, चिची प्रकाशण)।

मैले ‘‘मानिस रोपेर उसलाई दयालु मन भएको मान्छे जस्तो हुर्काउन’’ ‘‘भबिष्यको निर्णायक’’ जस्ता मानिसहरु हुर्काउन पर्छ भनेर पटकपटक भन्ने गरेको छु। एस्तो भनेको प्रतेक मानिसको सुन्दर मनबाट यो सुन्दर पृथ्वीलाई रक्षा गरेर सन्तुलित भएर बाच्ने सुखमा जोड्न पुगिन्छ र यि दुइ शिक्षबिधहरुले मानिसको  शिक्षाको आधार भनेको  नै ‘‘प्रशंशा’’ गर्नु हो भनेका छन।

हिरासावा गुरुले भनेक छन कि ‘‘हामीमा हामीले सोचेको र थाहा पाउने भन्दा कयौगुणा सुन्दर कुरा लुकेर बसेको हुन्छ। तेही भएर आत्मबिश्वासकासाथ नहिचकिचाइ काम गर्नु’’ भनेर। यि शिक्षशास्त्रको अनुसार प्रशंशा भन्ने शब्द हुन भने मानिसलाई हुर्काउने भनेको आफ्नो बुद्धत्वलाई बुझेर अरुको बुद्धत्वलाई पनि बिश्वास गर्ने कुरा हो जस्तो मलाई लाग्छ।

### आस्था गरी नमन गर्ने

तर तेस्तो भने पनि प्रशंशा गर्नु भनेको निकै गाह्रो कुरा हो। खासमा हामीहरु गाली गर्ने अनि गुनासो चाही बढी गर्ने गर्छौं जस्तो लाग्छ। "जेठमा गहुमा पानी लाउनु र हुर्केका छोराछोरीलाई गली गर्नुको कुनै अर्थ छैन" भन्ने जापानि उखान जस्तै ३ बर्ष सम्ममात्र केटाकेटीलाई गाली गर्दा कुरा मान्छन रे तेसैले ठुलो भएकालाई गाली गरे पनि खासै केहि सिक्दैनन भन्ने कुरा यो उखानले भन्न खोजेको हो।

तेसो भए अब के गर्दा  हुन्छ त ? "गर्न सिकाएर, भनेर सुनाएर अनि प्रशंशा नगरे मानिसले केहि गर्दैन" भनेर यामामोतो इसोरोकुले भने झै अरुलाई गाली गर्नु भन्दा पनि आफैले कसरी गर्ने हो भनेर देखाएर अनि कसैले तेस्तो गऱ्यो भने अनि प्रशंशा गऱ्यो भने गर्ने मान्छेको मन चलन हुन्छ भनेर भनेको हो जस्तो लाग्छ। र वहाँको यो कुराको पछील्लो भागमा "अरुले आफुले भने जस्तो गरेको देख्दा आभारी भएर तेस्लाई बिश्वास नगरे मानिस बन्दैन" पनि भनेका छन। मतलब अरुको बुद्धत्वलाई बिश्वास गरेर नमन गर्नु नै मानिसको बिकासकोलाई धेरै महत्वपुर्ण हुन जान्छ।

अर्को कुरा "तिमी हामीलाई जरुरी मान्छे हौ: भनेर प्रेमपूर्ण भाव या बिश्वस गरेमा आफ्नो साचो मुल्यलाई बुझेर बाच्नुको खुशि, आशा अनि साहस दिन सकिन्छ र साथमा "म एस्तो बन्न सकौ" भन्ने कामना प्रदान गर्न सकिन्छ।


मन्दिरप्रमुखको अनुभव भएका रेबरेन्डहरुले "सदस्यहरुले सुनाएका कुरालाई सुन्दा आफुलाई धेरै पुण्य प्राप्त गर्ने कुरा हो भनेर वहाँहरुको प्रशंशा गर्नु" भनेर भनिएको छ। यो भनेको आफु अनि अरुकोको बुद्धत्वलाई नमन गर्न सक्ने आफ्नो मनलाई बिनम्र बनाएर अरुलाई प्रशंशा गर्न सक्नु भनेको  ठुलो कर्म हो भनेर सिकाइएको छ।

एस्तो कुरा हरेकदिन मेहेनत र भक्तिसाथ गर्दा अरुलाई हुर्काउदा आफु पनि मानवकोरुपमा अझ बिकसित हुन पाऔ भन्ने कामनालाई पक्कै पनि बुद्धले पनि सधै हौशला दिने र प्रशंशा गर्ने छन।






# A Global Buddhist Movement




**Information about local Dharma centers**

**facebook**

**X**

We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp